प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रमको पुनः नतिजा प्रकाशन एवं मूख्य परीक्षार्थी (Main Candidate) लाई भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७७।१०।३०)

यस कार्यालयको मिति २०७७।१०।०९ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित परीक्षाको पूनः आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम आवेदन फाराम भरेका परीक्षार्थीहरुले SEE/SLC परीक्षाको लब्धांक पत्र र सम्वन्धित शिक्षण संस्थाहरुमा मिति २०७७।१०।२४ गते बिहान ८:०० बजे देखि संचालन भएको अन्तरवार्ता समेतको अंकको योगफलबाट योग्यताक्रमानुसार सिफारिश बमोजिम मिति २०७७।१०।२९ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । नतिजाको विवरण www.ctevtexam.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिश भएका मुख्य परीक्षार्थीहरुले तोकिएको शिक्षण संस्थामा परिषद्को वेभसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन(मिति २०७७।११।१४ गते) भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र भर्ना हुन आवश्यक सक्कल कागजातहरु (शैक्षिक प्रमाणपत्रहरु, भर्ना अनुमति पत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरुले यसै सूचनालाई आधारमानी www.ctevtexam.org.np मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिश भएका परीक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु रुजु गर्ने जिम्मेवारी सम्वन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सो रुजु गरी तोकिएको म्याद भित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । उल्लेखित म्यादभित्र परिक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा उक्त कोटामा वैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सम्वन्धित शिक्षण संस्थाले प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०७७ अनुसार गराउनु हुन अनुरोध छ ।

**नोट : यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**